आज मिति २०८२।०२।०९ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. उदराम तिमिल्सिना, वरिष्ठ लेखा अधिकृत
२. बाबु पण्डित, वरिष्ठ शाखा अधिकृत
३. कमल राउत, इन्जिनियर
४. तेज कुमार धमला, अधिकृत छैटौं

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ५५
अध्यक्षताः श्री दान बहादुर गुरुङ
बैठक मितिः २०८२।०२।०९
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ९:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०२।०९ | ९:०० बजे | आय ठेक्का सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८२।०२।०९ | ९:१५ बजे | स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि(दोस्रो संशोधन), २०७५ संशोधन सम्बन्धमा। | प्रशासन शाखा | २ |
| २०८२।०२।०९ | ९:२० बजे | शैक्षिक संस्थालाई सहायता सम्बन्धमा। | शिक्षा शाखा | ३ |
| २०८२।०२।०९ | ९:२५ बजे | विभाज्यकोष खातामा जम्मा भएको रकम सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८२।०२।०९ | ९:२५ बजे | म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८२।०२।०५ मा बसेको ५४ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।०२।०९ मा बसेको ५५ औं कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१:** यस गाउँपालिकाको आय ठेक्का नं. **01/IR/IRM/081/82** "Sustainable Extraction of River Bed Material from Khageri Khola" को कार्यका लागि मूल्याङ्कन समितिको निर्णयानुसार सिफारिस बोलपत्रदाता श्री सौजन कन्स्ट्रक्सन, पुतलीबजार नगरपालिका – ८, स्याङ्जालाई यस कार्यालयको प.सं. २०८१/८२, च.नं. १५१७, मिति २०८२/०१/११ को सम्झौता गर्न आउने सम्बन्धमा लखिएको पत्र साथै मिति २०८२/०२/०२ गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना समेत प्रकाशन गरी पटक पटक ताकेता गर्दा समेत Bid Response Document मा उल्लिखित शर्त पुरा गरी सम्झौता गर्न नआएकोले रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२(क) बमोजिम उक्त बोलपत्रदाताको Bid Security रकम जफत गरी कालो सूचीमा राख्न सिफारिस गरी पठाउने। साथै उक्त ठेक्काको लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुमध्ये दोस्रो सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता श्री उग्रचण्डी बिल्डर्स, भरतपुर- ११, चितवनलाई सम्झौता गर्न आउनको लागि पत्राचार गर्ने र उक्त बोलपत्रदाता Bid Response Document मा उल्लिखित शर्त पुरा गरी सम्झौता गर्न नआएमा उक्त बोलपत्रदाताको समेत Bid Security रकम जफत गरी कालो सूचीमा राख्न सिफारिस गरी पठाउने।

**निर्णय नं.२:** स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०७५ मा देहाय बमोजिम संशोधन गर्ने।

क. कार्यविधिको दफा ८ को उपदफा (८) अन्तर्गत रहेको तालिकाको सट्टामा निम्न तालिका राख्ने।

**निम्न:**

ग. पूर्ण क्षति भएको घरहरुको प्रकार:

| क्र.सं. | घरको प्रकार | उपलब्ध हुने राहत रकम (बढिमा रु.) |
|---|---|---|
| | | १,००,०००।- |
| १. | पक्की घर RCC ढलान | ५०,०००।- |
| २. | पिलर सहितको घर जस्ताको छाना | ३०,०००।- |
| ३. | कच्ची घर (सिमेन्ट वा ढुङ्गा माटोको जडान, ढुङ्गा वा जस्ताको छाना) | १५,०००।- |
| ४. | कच्ची घर (सिमेन्ट वा ढुङ्गा माटोको जडान, खर, स्याउला वा झिंगटीको छाना) | |

ख. कार्यविधिको दफा ८ को उपदफा (९) अन्तर्गत रहेको तालिकाको सट्टामा निम्न तालिका राख्ने।

**निम्न:**

घ. विपद्जन्य घटनाबाट मृत्यु भएमा:

| क्र.सं. | मृत्युको कारण | काज किरिया बापतको सहायता रकम (रु.) |
|---|---|---|
| १. | आगलागी, करेन्ट, चट्याङ, सबारी साधन र औजार, रुखबाट लडेर, खोलानालाले बगाएर, भिर पहिरोबाट वा अन्य कुनै दैवी प्राकृतिक विपत्तिबाट मृत्यु भएमा वा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएमा | ५०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत

बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.३:** २०८१ साल चैत्र ७ गते देखि १४ गतेसम्म सर्वशान्ति माध्यमिक विद्यालय, कुरिनटार केन्द्रमा सञ्चालन भएको SEE परिक्षामा श्री राष्ट्रिय माध्यमिक विद्यालय हात्तीबाङ्ग र श्री जनप्रिय माध्यमिक विद्यालय, कल्याणटारका विद्यार्थीहरु सहभागी हुन आउँदा होटलबास तथा खाना खाजा बापतको रकम आर्थिक अवस्था कमजोर भएका कारण विद्यार्थिका अभिभावकहरुले तिर्न नसकेको हुँदा उक्त रकम तिर्नको लागि श्री राष्ट्रिय माध्यमिक विद्यालय हात्तीबाङ्गलाई रु.२५,०००।-(अक्षरेपि पच्चिस हजार मात्र) र श्री जनप्रिय माध्यमिक विद्यालय, कल्याणटारलाई रु.२०,०००।-(अक्षरेपि बीस हजार मात्र) शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट अनुदान उपलब्ध गराउने।

**निर्णय नं.४:** यस गाउँपालिकाको आय ठेक्का नं. **01/IR/IRM/081/82** अन्तर्गत खगेरी खोलाको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बापत आशयको सूचना प्रकाशन गरी सम्झौता गर्न निर्माण व्यवसायी श्री सौजन कन्स्ट्रक्सन, पुतलीबजार-८, स्याङ्जाले तोकिएको समयमा तोकिएको शर्त बमोजिम सम्झौता गर्न नआएको, निज निर्माण व्यवसायीले विभाज्य कोष खातामा जम्मा गरेको रु.९०,००,०००।-(अक्षरेपि नब्बे लाख मात्र) हाललाई बाँडफाँटबाट प्राप्त राजश्व (स्थानीय) शिर्षकमा बाँडफाँटबाट प्राप्त राजश्व खातामा जम्मा गरी खर्च गर्ने साथै आगामी आ.व. २०८२।०८३ को बजेटमा सो रकम दायित्व सिर्जना गरी विनियोजन गर्ने।

**निर्णय नं.५:** सार्वजनिक खरिद(चौधौं संशोधन) नियमावली, २०८२ को नियम १२०(क) बमोजिम यस इच्छाकामना गाउँपालिका वडा नं. ४ मा निर्माणाधिन अवस्थामा रहेको ठेक्का नं. NCB/IRM/10/079/080 "Construction of Hospital Building at Kurintar, Chitwan, Ward no.-04" निर्माण कार्यको प्रथम पटकका लागि २०८३ साल बैशाख मसान्त सम्म म्याद थप गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष